स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पूर्वमिस नेपाल तथा अभिनेत्री सृष्टि श्रेष्ठका लागि यस वर्ष उतारचढावपूर्ण रह्यो । उनी अभिनित पछिल्ला चारै फिल्मले उनलाई राहत दिन सकेनन् । यद्यपि उनको अभिनयको प्रशंसा भयो । चिसो एस्ट्रे, माइकल अधिकारी, सेक्रेट्स अफ राधा र प्रेमामा उनको महत्वपूर्ण भूमिका थियो । यसैवर्षको सुरुवातमा अभिनेता सौगात मल्लसँगको उनको लामो समयदेखि रिलेसनसिप टुंगियो । यो टाइमलाइन हेर्दा सृष्टिका लागि २०८० साल उतारचढावपूर्ण देखिएको छ ।

**आजको विचार...**



आप्रवासनको..
(दुई पेजमा)

राजन भट्टराई

ओमनको सांगीतिक कार्यक्रम सकेर फर्किएकी गायिका रचना रिमाल देशभित्रका मेला-महोत्सवमा व्यस्त हुन थालेकी छिन् । विदेशको कार्यक्रम सकेर फर्किएसँगै केही गीत रेकर्ड गराएकी उनी फेरि आजभोलि महोत्सवमा पुग्न थालेकी हुन् । पुस २९ गते आइतबारका लागि कैलालीकै अत्तरिया महोत्सवमा उनको प्रस्तुति तय छ । माघ १ गते बढैयाताल महोत्सव बर्दियामा यी गायिकाको प्रस्तुति रहनेछ । २ गते म्याग्दी, ३ गते पोखरा, ४ गते गुल्मी पुगेर उनले दर्शक झुमाउनेछिन् ।



❐ वर्ष २९ ❐ अंक १६६ ❐ २०८० पुस २८ गते शनिबार 13 January 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## पालपामा मनाइयो पृथ्वी जयन्ती

# 'पृथ्वीनारायण शाहका उपदेश अहिले पनि उत्तिकै सान्दर्भिक'

कृष्ण पोखरेल

**पाल्पा,** पुस २७/ पाल्पा लगायत देशभर ३०२ औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । पृथ्वीनारायण शाहको योगदानलाई कदर गर्दै शुक्रबार पाल्पा लगायतका विभिन्न शहरमा उनको शालिकमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गरी मनाइएको हो ।

पाल्पामा जिल्लाका सबै राजनीतिक दलहरुको सक्रिय सहभागितामा दिवस मनाइएको छ । दिवसका अवसरमा तानसेनमा राष्ट्रिय प्रजातन्त्र पार्टी पाल्पाको आयोजनामा भएको चियापान कार्यक्रममा लुम्बिनी प्रदेश सभा सदस्य, नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एकिकृत समाजवादी, विभिन्न संघ संस्था, बुद्धिजिवीहरु तथा नागरिक अगुवाहरुको सहभागितामा दिवस मनाइएको हो । दिवसको अवसरमा आयोजित कार्यक्रमका सहभागीहरुले पृथ्वीनारायण शाहका दिव्य उपदेश अहिलेको सन्दर्भमा पनि उत्तिकै मननयोग्य रहेको बताएका छन् । उनीहरुले तत्कालीन समयमा पृथ्वीनारायणले लिएको एकीकरण अभियानको आधारभूमिमा उभिएरै





आजको सार्वभौम, स्वतन्त्र, समावेशी, लोकतान्त्रिक गणतन्त्र नेपालसम्मको यात्रा तय गर्न सफल भएको उल्लेख गर्दै अहिले पनि त्यो उपदेश सान्दर्भिक रहेको उल्लेख गरे । सहभागीहरुले स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न, जनतालाई अधिकार सम्पन्न बनाई राज्यसँग अपनत्वको भाव कायम राख्न तथा कुशल परराष्ट्र सम्बन्ध सञ्चालन समेतका बहुआयामिक क्षेत्रमा शाहका उपदेश अहिले पनि सान्दर्भिक रहेकोमा जोड दिए । कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका उप-प्राध्यापक महेन्द्र पन्थीले राष्ट्रनिर्माणमा पृथ्वी नारायण शाहको योगदानको बारेमा चर्चा गर्दै उनको उपदेश अहिले पनि सान्दिर्भक रहेको उल्लेख गरे । उनले भने 'पृथ्वी नारायण शाहको दिव्य उपदेशहरु अहिले पनि परराष्ट्र नीतिमा लागु हुँदै आएको, अर्थनीतिमा समय सापेक्ष रहेको, भष्ट्र्चार विरुद्धको अभियानमा घुस लिने दिने दुबै राष्ट्रका शत्रु हुन् भनेर दिएका उपदेश सान्दर्भिक छन् ।' पन्थीले यी उपदेश कार्यान्वय भए देश विकासमा छिटो छरितो हुने समेत बताए । शाहले चालेको एकिकरण अभियानकै कारण आज हामी स्वाभिमानी नेपाली भएर बाचन पाएको बताए । उपप्राध्यापक पन्थीले पृथ्वी नारायण शाहले नेपालको परराष्ट्र नीतिमा उत्तर र दक्षिण छिमेकीसँग सुन्तलित व्यवहार गर्नुपर्ने, नेपाल दुई ढुङ्गा विचको तरुल हो, खानी भएका गाउँ अन्यत्र सार्नु, खेतीयोग्य जमिनमा घर हटाउनु जस्ता उपदेश सबल अर्थव्यवस्थाको लागि अहिले पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गरे । राष्ट्रनिर्माता तथा नेपाल एकताका सुत्रधार पृथ्वी नारायण शाहको योगदान र भूमिका र इतिहासको बारेमा सरकारले नै जिल्ला जिल्लामा कार्यक्रम गरेर मनाउनुपर्ने भएपनि विदा मात्र दिएर जिम्मेबारीबाट पन्छिएको उप-प्राध्यापक पन्थीले बताए ।

कार्यक्रममा राप्रपाका केन्द्रिय कार्य सम्पादन समितिका सदस्य नारायण कोईराला, लुम्बिनी प्रदेश सदस्य खेमबहादुर सारु, जिल्ला अध्यक्ष डुलबहादुर कुवँर लगायतले पृथ्वीनारायण शाहलाई देश तथा राष्ट्र निर्माताको रुपमा सबैले मान्ने, उनका उपदेशहरुलाई राज्यले कार्यान्वयन गर्दै जाने, हामी नेपाली हौं भन्नेमा गर्व बोध गराउने अभियानमा सबै पार्टी, जनताहरु एकजुट हुनुपर्नेमा जोड दिए । उनीहरुले ईतिहास लेख्ने अधिकाश व्यक्ति गोरा व्यक्ति भएकाले राष्ट्र निर्माता पृथ्वी नारायण शाहलाई गलत तरिकाबाट व्याख्या गरेर देश भित्र र बाहिर जनतामा भ्रम सिर्जना गर्ने, दुस्प्रचार गर्ने काम भईरहेकोमा चिन्ता व्यक्त गरे । राप्रपा पाल्पाका सचिव हरिप्रसाद बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

विसं १७७९ पुस २७ गते गोरखामा राजा नरभूपाल शाह र रानी कौशल्यावतीका कोखबाट पृथ्वीनारायण शाह जन्म भएको थियो । विसं १७९९ चैत २५ गते पृथ्वी नारायण शाह राजा भएका थिए । त्यसअघि नेपाल ५२ राज्यमा विभाजित थियो । पृथ्वीनारायण राजा भएपछि पूर्वमा टिस्टादेखि पश्चिममा चेपे नदीसम्म नेपालको सीमा विस्तार गर्न उनी सफल भएका थिए । पृथ्वीनारायणको शेषपछि उनका उत्तराधिकारीले पश्चिममा किल्ला काँगडासम्म नेपाल राज्यलाई विस्तार गरेको इतिहास छ । पृथ्वी जयन्तीका अवसरमा शुक्रबार सरकारले सार्वजनिक विदा पनि दिएको थियो ।

## सक्षिप्त समाचार

### अष्ट्रेलियाले हवाई आक्रमणलाई समर्थन गरेको पुष्टि

(रासस-सिन्ह्वा)

**क्यानबेरा,** पुस २७/अष्ट्रेलिया सरकारले यमनमा हुथी सैन्य स्थलहरूमा हवाई आक्रमणमा आफ्नो देशको संलग्नता रहेको पुष्टि गरेको छ । उपप्रधानमन्त्री तथा रक्षामन्त्री रिचर्ड माल्सले शुक्रबार बिहान हुथी विद्रोहीमाथि अमेरिका र बेलायतले गरेको आक्रमणलाई अष्ट्रेलियाले समर्थन गरेको बताएका छन् ।

मार्लेसले पत्रकार सम्मेलनमा पत्रकारहरूलाई जनाकारी गराउनु भए अनुसार हुथिहरूका विषयमा अष्ट्रेलिया १४ देशहरूको समूहको एक हिस्सा थियो जसले हुथी विद्रोहीहरूलाई लाल सागरमा सामुद्रिक गतिविधिमा आक्रमण गरिरह्यो भने त्यसको परिणाम भोग्नुपर्नेछ भनी चेतावनी दिदै विज्ञप्ति जारी गरेको थियो । "उनीहरूले सामुद्रिक र नौसैनिक सम्पत्तिहरूमा आक्रमण जारी राखेका छन् । परिणामस्वरूप त्यसको विरुद्ध आज आक्रमण भएको छ ।" उनले भने यद्यपि अष्ट्रेलियाले डिसेम्बरमा "अन्तर्राष्ट्रिय ढुवानी लेनहरू सुरक्षित गर्न मद्दत गर्न" लाल सागरमा रोयल अष्ट्रेलियन नौसेना युद्धपोत पठाउन संयुक्त राज्य अमेरिकाको अनुरोधलाई अस्वीकार गरेको थियो ।

साथै सरकारले बहराइनमा रहेको ३९ राष्ट्रको कम्बाइन्ड मेरिटाइम फोर्स कमाण्डमा अष्ट्रेलियाली रक्षा बलका अतिरिक्त अधिकारीहरू तैनाथ गर्ने प्रतिबद्धता जनाएको छ ।

# राष्ट्रपतिसँग प्रधानमन्त्री, ओली र देउवाको भेट




**पाल्पा,** पुस २७/राष्ट्रपति रामचन्द्र पौडेलसँग प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले भेट गरेका छन् ।

शुक्रबार राष्ट्रपति पौडेलको निमन्त्रणामा एकसाथ उनीहरु शितलनिवासमा भेट गरेका हुन् । भेटमा राष्ट्रपति पौडेलले मुलुकका जल्दाबल्दा समस्या समाधान गरेर लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउने काममा मिलेर अघि तीन शीर्ष नेताहरूको ध्यानाकर्षण गराएका छन् । उनले मुलुकमा देखिएका महत्वपूर्ण विषयहरू संघीयता कार्यान्वयन, सुशासन र विश्वविद्यालयमा सुधार गर्न ध्यानाकर्षण गराएका हुन् ।

# आजदेखि नारायणगढ-मुग्लिन सडक थप तीन हप्ता बन्द हुने

**पाल्पा,** पुस २७/आजदेखि नारायणगढ- मुग्लिन सडक थप तीन हप्ता बन्द हुने भएको छ । गत पुस ७ गतेदेखि दैनिक ४ घण्टा बन्द हुँदै आएको सडक आजदेखि थप तीन हप्ता बन्द हुने भएको हो ।

सो सडक खण्डको तुइन खोलामा पुल बनाउन ढिस्को भत्काउने काम नसकिएपछि पुन: तीन साता दिउँसोको समयमा सडक बन्द गरेर काम गर्न लागिएको जनाइएको छ । पुस ७ गतेदेखि २८ गतेसम्म तीन हप्ताका लागि सडक बन्द गरेर काम थालिएको थियो । तर, तोकिएको समयभित्र पहाड काट्ने काम पुरै नसकिएपछि जिल्ला प्रशासन कार्यालय चितवनमा बसेको सर्वपक्षीय बैठकले



फाइल फोटो

थप ३ साताका लागि सडक बन्द गरेर पहाड काट्ने निर्णय लिएको हो । शनिबार (आज) देखि पहिलो तीन साताको समय सकिँदै छ । आजदेखि माघ २० सम्म दैनिक दिउँसो १२ बजेदेखि ४ बजेसम्म सडक बन्द गरेर पहाडको चट्टान काट्ने काम गरिने आयोजनाले जनाएको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## फेरि देखियो कोरोना : सतर्कता अपनाऔं

**केही समय सामान्य बनेको कोरोना महामारी फेरि देखिन थालेको छ । भारतमा फैलिएको ओमिक्रोन भाइरसको नयाँ भेरियन्ट जेएन डट वान नेपालमा पनि देखिइसकेको छ । केही दिन अघि जिन सिक्वेन्सिङ गर्दा नेपालमा पहिलोपटक नयाँ भेरियन्ट देखिएको हो । यसले कोरोनाको पुनरागमन भएको पुष्टि समेत गरेको छ । यो भेरियन्ट पछिल्लो एक महिनायता विश्वभर तीव्र रूपमा फैलिरहेको छ । नेपालमा पनि यसको संक्रमण देखिएपछि त्रास पैदा भए पनि यसतर्फ सर्तकता भने अपनाइएको छैन् । संक्रमण फैलन नदिन नेपाल–भारत सीमा नाकामा कडाई गरिनुपर्छ तर नेपाल सरकारको यसतर्फ ध्यान नै जान सकेको छैन । खुला सीमाका कारण नेपालमा संक्रमण बढ्न सक्ने भएकाले आवतजावतमा विशेष सतर्कता चाहिन्छ । सतर्कता र सावधानी अपनाउन सके मात्र पनि संक्रमणबाट धेरै हदसम्म जोगाउँछ । केही वर्षअघि कोरोना महामारीको त्रासदी र त्यसले पुऱ्याएको क्षति कसैले भुलेको छैन । अहिले फेरि नयाँ संक्रमित फेला पर्दै गर्दा सरकार मात्र होइन, आम नागरिक सबै सतर्क हुनुपर्ने भएको छ । भारतमा यसको संक्रमणबाट बिरामीको मृत्यु भइसकेको छ । यस्तो अवस्थामा नेपालले पनि सावधानी अपनाउनुको विकल्प छैन ।**

**नयाँ भेरियन्टको संक्रमणले रुघा लाग्ने, खोकी लाग्ने, थकाइ महसुस हुने, घाँटी तथा टाउको दुख्नेजस्ता लक्षण देखिने गरेका छन् । कतिपयमा झाडापखाला हुने गरेको पाइएको छ । यस्ता लक्षण देखिए तत्काल परीक्षण गराउनुपर्छ र अरूसँग घुलमिल हुन छाड्नुपर्छ । पहिले कोरोना महामारी सुरु हुँदै गर्दा उपचार पद्धतिबारे भेउ थिएन, असर कतिसम्म पर्छ भन्ने पनि थाहा थिएन । त्यसैले मानिस आत्तिएका थिए, त्रासमा थिए । आफैं संक्रमित भएर कोरोना जितेको अनुभव र खोपका कारण अहिले धेरै मानिसमा आत्मविश्वास बढेको छ । तर हेलचेक्र्याइँ भने गर्नु हुँदैन । भीडभाड हुने स्थानमा मास्क प्रयोग गर्ने, भौतिक दूरी कायम राख्ने र हातको सरसफाइमा विशेष ध्यान दिनेजस्ता जनस्वास्थ्य मापदण्ड पालना गर्नुको साथै सरकारले सिमा नाकामा कडाई गर्न जरुरी छ ।**

## Opinion @ Social Network

काँध हालेको सल जस्तै हो सम्बन्ध पनि,
जसलाई बेला बेलामा मिलाइरहनपर्छ ।
(***माया थापा मगरको फेसबुक स्टाटस*** *https://www.facebook.com/maya.thapa*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आप्रवासनको क्यानभासभित्र नेपाल



## राजन भट्टराई

फ्रान्सेली विद्वान् जीन-फ्रांस्वा ल्योतार्डले भनेका छन्- 'आजको मान्छे बिहान युरोपमा ब्यूँझिन्छ, दिउँसोको खाना एशियामा खान्छ र बेलुका चुठ्न अमेरिका पुग्दछ ।' उनको यस कथनले विश्व एकाकार भइरहेको सन्देश दिन्छ । प्रविधि र चेतनाका कनेक्टिभी एवं डिजिनाइजेशनका सञ्जालले वैश्विक भूखण्ड खुम्चिएका छन् । राष्ट्रका परिधिहरू भूगोल र सीमाभित्र मात्र परिभाषित छन् । तर वैश्विक प्रविधि र अवसरले राष्ट्रिय सीमा भत्केर सञ्जालीकृत भई निर्वाध बगेका छन् । नेपाल वैश्विक आप्रवासनको लाभ र अवसरलाई राष्ट्रिय हितमा रूपान्तरण गर्न चुकेको छ । आप्रवासनको वैश्विक लहर र कहरमा नेपालले चाल र गति मिलाउन नसक्दा नागरिकले दुर्गति त भोग्नु परेको छ । साथमा, राष्ट्रिय उन्नयनका सूचक र आप्रवासनको लयबीच तारतम्य मिलेको पाइँदैन । अन्तर्राष्ट्रिय संगठन (आईओएम), २०२० ले विश्वभर आप्रवासी नागरिकको संख्या २८ करोड १० लाख पुगेको र जसमा ३.६ प्रतिशत मानिसले त्यस वर्ष थातथलो छाडेको विवरण उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघको २०२३ को अध्ययन अनुसार संयुक्त राज्य अमेरिका ५१ मिलियन, जर्मनीमा १६ मिलियन, खाडी सहयोग परिषद्का देशहरू जस्तै, बहराइन, कुवेत, ओमान, कतार, साउदी अरबमा १४ मिलियन अन्तर्राष्ट्रिय आप्रवासी रहेका छन् । साथै, ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रबाट दिनानुदिन विदेशिने आप्रवासीको लहर र संख्यामा बढोत्तरी भएको छ ।

सन् २०२० मा संयुक्त अरब इमिरेट्समा ९३.३ प्रतिशत अन्तर्राष्ट्रिय आप्रवासी थिए भने त्यसपछि कतारमा ८० प्रतिशत र कुवेतमा ७१.३ प्रतिशत आप्रवासी थिए । अन्तर्राष्ट्रिय आप्रवासीहरूले राष्ट्रिय जनसंख्यामा सबैभन्दा ठूलो हिस्सा ओगटेका मुलुकको संख्या विश्वभर वृद्धि हुँदैछ । संयुक्त राज्य अमेरिका पनि आप्रवासीहरूले कुल अमेरिकी जनसंख्याको लगभग १५.१ हिस्सा ओगटेका छन् । छिमेकी मुलुक भारतका आप्रवासीहरू विश्वभर फैलिएका छन् । विश्व बैंकको 'द वर्ल्ड डेभलपमेन्ट रिपोर्ट-२०२३' का अनुसार यीमध्येका आप्रवासीभित्र लगभग २० प्रतिशत अर्थात् ३ करोड ७० लाख शरणार्थीको बाहुल्य रहेको छ । श्रम बेच्न नै आप्रवासी कम आय भएका देशबाट उच्च आय भएका मुलुकमा गएको देखिन्छ । श्रम आप्रवासी वा दक्ष जनशक्तिको बाहुल्य संसारैभरि फैलिएका छन् । खासगरी दक्षिणएसिया वा दक्षिणपूर्वी एसियाका धेरै कामदार विश्वका जुनसुकै मुलुकमा जाने गरेका छन् र उनीहरू निर्माण, घरेलु र कम सीप भएका काममा संलग्न हुँदै आएका छन् । ल्याटिन अमेरिकाबाट राम्रो रोजगारीको खोजीमा संयुक्त राज्य अमेरिका र उच्च आय भएका युरोपका देशमा बसाइँ सरेका छन् । विश्वभर कोरोनाकाल बाहेक सन् १९९० देखि नै अन्तर्राष्ट्रिय आप्रवासीको संख्या एशिया र अफ्रिकामा ७० प्रतिशतको अनुपातमा बढेको विश्व बैंकको अध्ययन, २०२३ को निष्कर्ष छ । नेपाल जस्ता मुलुकमा नागरिक विदेशिनुको कारणमा राजनैतिक अकर्मन्यता, रोजगारी र स्वरोजगारीको कमी, गरिखाने वातावरणको अभाव भनिएको छ । तापनि विकसित मुलुकको विदेशिने प्रारूप हेर्दा सूचना र प्रविधि, अवसर, सीपको सम्मान, कमाइ, सुरक्षा जस्ता कारणले आकर्षण गरेको देखिन्छ । त्यसैले नागरिक विदेशिनु विश्व बजार र खुला अर्थतन्त्रको परिणाम हो । संसार सबै मुलुक र नागरिकका लागि खुला प्लेटफर्म भएको छ । निर्वाध आवतजावत छ । आज विकसित मुलुकले विदेशी नागरिक ल्याएर जनशक्तिको अभाव र श्रम बजारको गर्जो टारेका छन् । धनी र राजनैतिक स्थिरता भएका मुलुकमा नागरिकहरू आफ्नो देशमा जीविकोपार्जनका सबै सम्भावना सकिएर विदेशिएका होइनन् । तर नेपालमा नागरिक विदेशिनुलाई अतिशयोक्ति व्याख्या गरिएको छ । युवालाई मुलुकमा टिकाउन र बिकाउन नसकिएको भाष्य खडा भएका छन् । दुर्भाग्य, मुलुकले युवालाई चिनेन, युवाले मुलुक चिन्न सकेनन् । नेपालको नीति र नेतृत्वले गरिखाने वातावरण बनाएन । उल्टै राज्यले युवालाई उठीबास लगाएको न्यारेसनले जनमानसमा जरा गाडेको छ । यस्तो लाग्छ, पूरै सिंगो मुलुक नै विदेशिने म्याराथुन दौड र क्याराभानकै ताँतीभित्र छ । नेपालभित्र जीविकोपार्जनका सम्भावना सकिएको होइन, मात्र सम्भावना नदेखिएको दृष्टिदोष हो । विश्वभर चुलिएको अवसर र प्रविधिको उभारले छायाँमा पारेको हो ।

विश्व अर्थतन्त्रमा विकासोन्मुख देशका लागि आप्रवासन लाभांश तथा विप्रेषण महत्त्वपूर्ण स्रोत बन्दै गएको छ । विश्व बैंकको प्रतिवेदनले विश्वका कम र मध्यम आय भएका देशमा सन् २०२३ मा ८१५ अर्ब डलर विप्रेषण भित्रिएको प्रक्षेपण गरेको छरु । छिमेकी मुलुक भारत सन् २०१० देखि नै विश्वको शीर्ष रेमिट्यान्स प्राप्त गर्ने देशको पंक्तिमा उभिएको छ । आ.व. २०७९/८० मा नेपालभित्र १२ खर्ब २० अर्ब विप्रेषण नेपाल भित्रिएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ र त्यही विप्रेषणबाट गरिबी न्यूनीकरण, शिक्षा, स्वास्थ्य, आवास सहितको जीवनस्तरको सुधारमा ठूलो योगदान देखिएको छ । राष्ट्रिय योजना आयोगको अध्ययनले नेपालको गरिबी घट्नुमा राज्यको हस्तक्षेप र लगानीभन्दा विपेष्रणको प्राप्ति र उपयोगको अंश प्रभावकारी रहेको निष्कर्ष दिएको छ । विश्वव्यापी रूपमा आप्रवासनको तथ्यांकीय आँकडा र प्रारूपको विश्लेषण गर्दा नेपालका नीति र योजनाले नसमेटेका कैयन् विषय छन् । अध्यागमन विभागको तथ्यांक हेर्दा सन् २०२३ मा स्थायी बसोबास गर्ने गरी ७१ हजार नेपाली विदेशिएका छन् । खाडी मुलुकबाहेक युरोप, अमेरिका, अस्ट्रेलिया लगायत देश जाने नेपालीको मूल उद्देश्य नै स्थायी बसोबासका लागि हुने गरेको छ । सन् २०२३ मा श्रम आप्रवासनको गति र प्रवृत्ति हेर्दा पनि विदेश जाने नेपाली नागरिकको प्रमुख गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) बनेको छ । दोस्रो गन्तव्य मुलुक भारत र तेस्रोमा कतार छ । रोजगारीमा जानेमध्ये खाडीका सात मुलुक (कतार, मलेशिया, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमन) मा ९५ प्रतिशत र बाँकी अन्य मुलुकमा रहेका छन् । नेपालबाट वैदेशिक रोजगारीमा जानेहरूको संख्या वार्षिक सात लाखको हाराहारीमा रहेको छ । यसभित्र भारतमा रोजगारीमा जानेको अभिलेख रहँदैन । विश्व बैंकको २०२० को अध्ययन अनुसार नेपालका झन्डै आधा घरधुरी परिवारका सदस्य विदेशमा रहेका वा विदेश गई फर्किएका छन् । यतिवेला नेपाली झन्डै ६० लाख (भारत समेत) रोजगारीको सिलसिलामा देश बाहिर भएको अनुमान गरिएको छ । त्यस्तै व्यक्तिगत रूपमा १७२ मुलुकमा रोजगारीमा जान श्रम स्वीकृति दिने गरिएको छ र वैदेशिक रोजगारीमा जानेमध्ये ७५ प्रतिशत अदक्ष र बाँकी पच्चीस प्रतिशत अर्धदक्ष र दक्ष रहेको देखिन्छ । कम सीप भएका कामदार मात्र होइन, व्यावसायिक योग्यता भएका, उच्च सीप भएका नेपालीले पनि देश छाडिरहेका छन् । शिक्षा मन्त्रालय, एनओसी शाखाका अनुसार आ.व २०७९/८० मा १ लाख १० हजार जनाले एनओसी लिएका छन् । राज्यले लगानी गरेर तयार पारेको जनशक्ति विदेशिंदा मानव जनशक्तिको खाडल परेको मात्र होइन, अर्थतन्त्र उल्टै जोखिममा परेको छ । अध्ययनमा विदेशिनेले मात्र वार्षिक ६ अर्बको नेपाल बाहिर रेमिटेन्स लैजान्छन् । राज्यले युवा जनशक्ति टिकाउन नसक्दा समग्र राज्य प्रणालीमा असर परेको छ ।

कर्मचारी, प्रहरी, इन्जिनियर, डाक्टर, सूचनाप्रविधिका दक्ष जनशक्ति, प्राध्यापक सहितका उच्च दक्ष जनशक्ति विकसित देशमा जाने लहर उत्तिकै छ । दक्ष जनशक्तिको पलायनले निम्त्याउने भयावहको अर्कै अन्तरलय छ । वि.सं. २०७८ को जनगणनाले नेपालमा सक्रिय जनसंख्याभित्र ६१ प्रतिशतमा ठूलो तप्का युवाको छ । यस जनसांख्यिक लाभांशलाई नेपालले उपयोग गर्न त स्वर्णिम अवसर गुमाउँदा सन् २०२८ पश्चात् नेपाल बुढ्यौली जनसंख्या (एजिङ सोसाइटी) मा संघारमा प्रवेश गर्दैछ । त्यसैले अब नेपालले तर्जुमा गर्ने नीति र योजनाका रणनीतिलाई विश्व्यापी श्रम आप्रवासको लहर र लयसँग समायोजित गरिनुपर्दछ । युवा जनसंख्या सेचुरेसन (उत्कर्ष) मा हुँदा राज्यले न पर्याप्त रोजगारी उपलब्ध गराउन सक्यो न वैदेशिक रोजगारीको बहावबाट रोक्ने रणनीति लागू भए । नेपाली युवाबाट आफ्नो मुलुक बनाउने युग त नेपालले गुमायो । अब त विदेशी श्रमशक्ति भित्र्याएर नेपाल बनाउने युगमा प्रवेश गर्दैछ र अब सोह्रौं योजनाले सो जनशक्तिको प्रक्षेपण गर्नुपर्दछ । मुलुकमा अवसर संकुचन हुँदा युवा जनशक्ति विदेश धकेलिएका हुन् । नेपालको संविधानको धारा ५१ को श्रम र रोजगार सम्बन्धी नीतिलाई वैदेशिक रोजगारीको कोणबाट हेरी शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्ने मात्र उल्लेख छ । वैदेशिक रोजगार ऐन २०६४, श्रम ऐन २०७४ लगायत श्रमिकको अधिकारबारे उल्लेख्य प्रावधान रहे पनि विश्व अप्रवासनको सोच र अवधारणाले हेरिएको छैन । नेपालबाट श्रमिक, विद्यार्थी, उद्यमी, कलाकार आदि सबै आप्रवासीका रूपमा देश छाडेर अर्को देश गइरहेका सन्दर्भमा स्रोत र गन्तव्य दुवै मुलुकहरूमा सामाजिक, आर्थिक विकासका शक्तिशाली चालकका रूपान्तरणका ज्ञान, अनुभव, पूँजी, सीप तथा सामाजिक रूपान्तरण प्लेटफर्म तयार गरिनुपर्छ । आज आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९०, अनिवार्य वा जबर्जस्ती श्रम सम्बन्धी आइएलओ महासन्धि १९३० ( नं. २९), रोजगारीका लागि आप्रवासन ( परिमार्जित) महासन्धि, १९४९ (नं. ९७), घरेलु कामदारका लागि मर्यादित कामसम्बन्धी महासन्धि २०११ (नं. १८९), संगठन स्वतन्त्रता र संगठित हुन पाउने अधिकारको संरक्षण सम्बन्धी महासन्धि, १९४८ (नं. ८७), आप्रवासी कामदार (अतिरिक्त व्यवस्था) सम्बन्धी महासन्धि, १९७५ (नं. १४३), निजी रोजगार एजेन्सी सम्बन्धी महासन्धि, १९९७ (नं. १४१) जस्ता अन्तर्राष्ट्रिय दस्तावेजले श्रम आप्रवासनको वकालत गरेका विषयहरूलाई नेपालका नीति र कानुनले समेटेका छैनन् ।

श्रम आप्रवासन नीति नेपालले तत्काल तयार गर्नुपर्छ । राष्ट्रिय योजना आयोगका दस्तावेज वैदेशिक रोजगारीको सोचभन्दा माथि उठी नीति र नेतृत्वले राष्ट्रिय उन्नयनसँग विश्वको आप्रवासी लहरलाई मिलान गरिनुपर्छ । स्रोत गन्तव्य मुलुकमा कमाएको सीप, ज्ञान, पूँजी र प्रविधिलाई तीनै तहका नीति र कानुनका विधि मार्फत भित्र्याइनुपर्छ । डायस्पोराले कमाएको ज्ञान, सीप, पूँजी र प्रविधिलाई अधिकतम परिचालन गर्ने नीतिले नै चीनको अर्थतन्त्र सबल बनेको उदाहरण छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको हिसाबकिताब र गणनामा नेपाल राष्ट्र बैंक मख्ख छ । सामाजिक लागतको लेखांकन भएको छैन जसले गर्दा नेपालले सामाजिक मूल्य चुकाउनु परिरहेको छ । वैदेशिक रोजगारी रहर र कहर दुवै विषय हो । एकांकी मात्र होइन । यो तथ्य नीति र नेतृत्वले मनन गर्नुपर्छ । बाहिरी मुलुकमा विदेशिनुभित्र पनि असाध्यै कष्ट र जोखिम छ । वि.सं. २०६५/६६ देखि हालसम्म वैदेशिक रोजगारीको क्रममा १२ हजार नेपालीले मृत्युवरण गरेका छन् । गम्भीर बिरामी, अंगभंगको संख्या करीब तीन हजार छ । श्रम या वैदेशिक रोजगारीका कानुनभित्र आप्रवासीका मान्यता समेटिएको छैन । नेपालको अर्थतन्त्रमा आप्रवासनले पुऱ्याएको योगदान, प्रभाव र लेखांकनको फराकिलो दायरा निर्माण भएको छैन । सीप, अनुभव, वित्त, सामाजिक पूँजी, लगानीका पहिचान गर्ने संयन्त्र निर्माणमा योजनाबद्ध दस्तावेजले बोलेका छैनन् । म्यानपावर कम्पनी नियमनमा अल्झेका छन् ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको राम्रो वातावरण बन्नेछ । | **तुला** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कर्म प्रति रुचि बढ्नेछ । |
| **वृष** : व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । सन्तानबाट सुख मिल्नेछ । | **वृश्चिक** : पर्यटकीय स्थलको भ्रमण हुनेछ । शुभ कार्यको चर्चा चल्नेछ । |
| **मिथुन** : प्रेमीको सहयोग प्राप्त हुनेछ। सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । | **धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ । |
| **कर्कट** : नयाँ कार्यको थालनी हुनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **मकर** : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ । |
| **सिंह** : साना तिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । तनाव बढेको महसुस हुनेछ । | **कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ । |
| **कन्या** : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ । | **मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ । |

# साहित्य दर्पण

कथा — जगन्नाथ पन्त

## विवाहमा फसाद : कुरुवालाई प्रसाद



एका समयको एकादेशको कथा हजुरबाले सुनाउन थाल्नु भयो । नाती नातिनाहरु ध्यान पूर्वक सुन्न बसे । यस्ता दन्त्य कथाहरु शुक्रबार नियमित जसो सुन्ने सुनाउने चलनै बसेको थियो । आजको कथा यसरी शुरु र अन्त्य भयो, पुसको जाडो रात छिप्पिदै थियो । सुनैना आटिबाट, बुबा, आमा र दाईको कुराकानी कान थापेर चियो गरिन । अगेनामा आगो तापेर बुवा श्रीनिवास, आमा चन्द्रकला र दाइ नविनले आफ्नै विहेको कुरा गरेको सुनेर सुनैनाले कुरामा झन् चासो दिइन । सोह्र वर्ष पुगेकी बहिनीलाई नसोधी विहेको कुरा हामीले मात्रै गर्नु उचित नहोला कि ? नविनले भन्न नभ्याउदै चन्द्रकलाले थपिन मैले अस्ति नै सोधेको कोहि केटासँग प्रेम छैन रे, जसलाई ठिक मानेर दिनु हुन्छ म स्विकार्छु भनेकि छन् । दश कक्षा पढेकी, रूपवान, सीलवान र गुणवान छन् सुनैना । बुबा, आमा र दाइका साथीहरू घरमा आउँदा सबैको प्रसंशा पाउथिन् । यिनलाई भाग्यमानी केटा पर्छ, गाउँलेले फुर्काउदै प्रसंशा गर्थे । हुन पनि सुनैनासँग विहे गर्न धेरै केटाहरु लालायित थिए । केही बेरको छलफल पछि तिनै जनाले दुलाह केटा खोज्ने सहमति गरी आ-आफ्नो सिरक भित्र पसे ।

माघको पहिलो शनिबार घरमा सत्यनारायणको पूजा लगाउँदा प्रसाद खान श्रीनिवासले पहिले आफुले काम गरेको नाम चलेको विद्ययालयको विज्ञान पढाउने शिक्षक, चन्द्रकलाले साथीको बहिनीको छोरा भर्खर पल्टनबाट पहिलो छुट्टिमा आएको लाहुरे र नविनले आफुसंगै अफिसमा काम गर्ने लेखापाललाई पनि निम्ता गरे । निम्तालुहरु फरक-फरक समयमा आ-आफ्नो फुर्सद् अनुकूल आए प्रसाद खाए फर्के । तिनै जनाको उद्देश्य सुनैनालाई देखाउनु थियो । आ-आफुले बोलाएका केटालाई सुनैनासँग चिनजान गराए । निम्तालु धेरै भएकाले केटाहरुलाई न बाबुले श्रीमती र छोरालाई, न आमाले श्रीमान र छोरालाई, न छोराले बाबु आमालाई सम्भावित दुलाह केटाको रुपमा चिनाए । मात्र फलाना मैले निम्ता गरेको भनी सामान्य परिचय गराए । तर बोलाउनुको कारण बुझे होलान् भनेर मनमनमा सोचे । केही दिनमा मैले चिनाएको निम्तालु कस्तो लाग्यो भनेर अलग-अलग सोधे । हजुरलाई राम्रो लागेर त निम्ता गर्नु भएको होला सुनैनाले यत्ति मात्र भनिन् । पूजा सकिएको केहि दिन पछि तिनैजनाले आ-आफ्नो हिसावले आफुले मन पराएको केटासँग सुनैनाको विहेको कुरा गरे । संयोग तिनै जना केटा खुसीका साथ राजी भए । शनिबारको विदाको दिन नविन पनि सदरमुकामको अफिसबाट घरमा आएका थिए । खाना खाई बाबु, आमा र छोरा आगनमा घाम ताप्दै सुनैनाको विहेको कुरा झिके । केटा कस्तो लाग्यो भनेर एकापसमा चर्चा पनि गरेकै हुन् । सुनैनाले पनि मन पराएकी छन् । सोधेकै हुँ भने । हो त हो तिनै जनाले मैले भनेकै केटा हो भन्ने बुझे । बेलुकीको खानापिना पछि चारै जनासँगै अगेनामा आगो ताप्न बसे । सुनैना तिम्रो विहे गर्ने निधो गरौ श्रीनिवासले कुरा झिके । केटा राम्रो छन्, पछि टन्न पेन्सन आउछ भनेर चन्द्रकलाले थपिन् । नविनले पनि केटा असल छन्, मेहनती छन् भनेर थपे । पहिले दाईको विहे गर्नु सुनैना लजाउदै उठेर आटितिर भरेङ चढिन् । बुबाले कुरा शुरु गरेकाले बुबाले भनेकै केटा होलान भन्ने बुझिन सुनैनाले । नाम चलेको शिक्षक, एमएस्सी गरेको घरमा पनि पुख्यौली सम्पत्ति राम्रै भएको । लाहुरे र लेखापाल भनेर चिनाएको भन्दा बुद्धिमान र अनुहार पनि सुन्दर देखेकी थिइन सुनैनाले । चन्द्रकलाले हजुलाई केटा राम्रै लागेको छ नि भनेर सोधिन अनि नविन तिमिलाई नि कस्तो लाग्यो । दुबैले राम्रो लागेकाले कुरा अगाडि बढाऊ भनेर त सल्लाह गरेको हो नि भने । तिनै जनाको सहमति भयो तर बुझाई आ-आफ्नै रोजाइको ।

टिकाटालो गर्न निधो भएको अघिल्लो दिन श्रीनिवासका ठाइला बा बिते । जुठा परो, १३ दिन बार्न पर्ने । उम्कदा अन्तिम लगन मात्र भेट्ने भो । फागुनमा लगन छैनन् । विहेको तयारी गर्न तिन दिन मात्र मिल्ने भो । जुठामा सर्जम तयार गर्न शुभ नहुने । टिका टाला नगरी विहेको दिन तय भयो । श्रीनिवासको जिम्मा दुलहा र संधिलाई दिने सुनको औंठी बनाउन, दाजु भाइ जम्मा गर्न, जग्गे बनाउने । चन्द्रकलाले घिउ, तेल, मण्डपको सामान । अन्य बन्दोवस्ति नविनको भयो । दिउँसोको विहे, ११ बजे तिर तिनवटा जन्ति बाजा घन्काउदै आए । दुलाह पनि तिन वटा फसाद पर्यो । दाजु भाइको मतो बस्यो । दोष केलाएर भएन, फसाद कसरी निम्टयाउने, अलमल भो विजेत हुने भो । उता जन्तिहरुमा पनि अलमल । झगडा पर्ला जस्तो भयो । सुनैनासँग म नै विहे गर्ने हो भनेर तिन जनै केटाले अड्डी लिए । यता श्रीनिवास भन्छन् हेडसर भनेर मेरो कत्रो इज्जत, मैले भनेपछि अरु हुन्न । माईति र सगिलाई म कसरी मुख देखाउने, ब्रिटिस पल्टनको लाहुरे कमाउने केटो सुखले पाल्छ भनेर अलाप गर्छिन् चन्द्रकला । म त जागिरमा नगए पनि भयो, हाकिम भनेर जिल्लामा सबैले चिन्छन् नविनले विलाप गरे । हे प्रभु ! तिन जनाले तिन जना छान्दा फसाद भयो । ठाइला बा नबितेका भए टिकाटालो हुन्थ्यो । यतिविधि फसाद त हुन्थेन नि वितेका ठाइला बा नि दोषि भए । यता सुनैना इन्तु न चिन्तु भइन, गरेको श्रृङगार गह्रुङो भयो, सास फेर्न गाह्रो भयो, मुटुको धडकन रोकिएला जस्तो भयो । जाडोमा पनि उष्ण गर्मी भयो, शरीरबाट पसिनाका भल बगे । भनन्न भाउन्न भो । फुर्साआखा पल्टाउदै गर्लम्म भुइमा पछारिइन् । जग्गेको केराको थाम पनि ढल्यो । सुनैनालाई मैरी (मठ) मा शिर पर्ने गरि नयाँ गुन्द्रिमा सुताए । पसिना पुछि दिए । पानी छम्के तर सुनैनाले आखा खोलिनन् । नाडी बन्द भयो । प्राण पखेरुले शरीर छोड्यो । हे दैव ! एउटा छोरीको जल खान र कन्यादान गर्न पनि पाइन भन्दै चन्द्रकला मुर्छा परिन । सुनैनाका सगिनीहरु सबै रुन थाले । श्रीनिवास कालो ठूटो जस्तै भए । नविन बहिनीको गोडा समाएर घोप्टो परे । वाजा बज्न रोकिए । दिउँसै रात परे जस्तै अध्यारो भयो । तिनजनै बेहुला र जन्ति टिका माला फालेर आगनमा आए । जन्ति मलामीमा परिणत भए । घाटमा श्रद्धाञ्जली पछि एउटा बेहुला बहुला जस्तो भयो । जवरजस्ती चितामासँगै जल्यो । अर्को जोगि बन्छु भनेर हिड्यो । अर्कोले खरानी कुरेर समाधि लियो । जोगी बेनेको केटा माग्दै हिड्दै गर्दा कति पटक भोकै रह्यो । कति रात चिसोमा कठांग्रीयो । जन्ति लिएर बेहुला बनेको केटा दुलहि नलिई घर जान नपाइने । बरु अन्तै वरणी गर्नु पर्ने पछुतायो । एक रात भगवानको मन्दिरमा बसेर अलाप विलाप गरिरह्यो । धेरै दिन पछि भगवानलाई दया आयो उसप्रति । किन विलाप गरेको, के माग छ ? भन भगवानको वाणी सुनेर बिहेको सबै घटना सुनायो । अनि आफुलाई पनि भगवान बनाइदिन वर माग्यो भगवान बन्ने हो भने बोल्न, चल्न पाइदैन नि । कति आउछन् ढोग्छन्, अनेक मिल्ने नमिल्ने माग्छन्, बोल्न पाइदैन । शर्त स्वीकार गर्यो । भगवानले आफ्नो मूर्तिमा उसलाई राखेर आफु बैकुण्ठ लोक जानुभयो । अर्को दिन एकजना कर्मचारी जो सबै नेतासँग मिलोमतो गर्न सीपालु थियो । प्रसस्त कालो धन सगालेको थियो । मन्दिरमा आयो र भगवान अब राजदुत नियुक्ति पाउ भनेर दाम चढायो । दाम झिक्दा बीस हजार सहितको पर्स खसाल्यो । मन्दिरमा माग्न बसेको भिकारीले पर्स टिप्यो र अलि पर गएर बस्यो । एकछिन पछि एउटा व्यापारी मन्दिरमा पुगेर भगवान २ समुन्द्रपार व्यापारमा एक महिनाको लागि जादैछु, मेरो यात्रा सफल बनाइदिनु भनेर द्रव्यादी चढायो । एकै छिनमा पहिलेको कर्मचारी रकम चोरी भयो भन्दै पुलिस लिएर फेरि मन्दिर पुग्यो । पक्कै व्यापारिले नै चोरेको हो भन्ने भयो । पुलिसले व्यारीलाई हतकडि लगाएर लैजान लागे । यो सबैदेखि रहेको जोगिबाट भगवान बनेकोलाई असैह्य भयो । भगवान बनेर अन्याय भएको टुलुटुलु हेर्न मनले मानेन । ए पुलिस भाई यसले चोरेको होइन, उ उता बसेको भिकारीले पैसा लगेको छ, उसले पनि चोरेको त होइन, भेटाएर लगेको हो । भिकारीको खानतलासी गर्दा रकम भेटियो । व्यापारी छुट्यो । भगवान बनेको जोगि केटो राम्रो गरे भनेर मख्ख पर्यो ।

एकैछिनमा बैकुण्ठबाट भगवान आएर भन्नु भो, तिमीलाई नबोल्नु भनेको बोल्यौ । हेर त्यो कर्मचारीले गलत गरेर कमाएको त्यति पैसा हराएर उसलाई केहि नोक्सान थिएन । त्यो भिकारीको जीवन सहज हुन्थ्यो । फेरि समुन्द्रपार जान लागेको व्यापारीले बुकिङ् गरेको जहाज दुर्घटना हुँदैछ, केहि दिन पुलिसले थुनेको भए यात्रा स्थगित हुन्थ्यो र उ पनि बाच्ने थियो । तिमिले कार्यभारको दुरुपयोग गरिउ । पुनर जोगी भव: । केटा फेरि जोगी भयो । फेरि विलाप गर्न लाग्यो, भगवान ! नबिहे गर्न पाए, नभगवान नै रहे, सुनैनालाई जीवित गराइ दिनु म बिहे गर्छु । जीवित गराइ दिन्छु तर बिहे तिमीसँग हुने नहुने तिम्रो कर्म म बदल्न सक्दिन । एउटा मरिसक्यो, अर्को घाटमा समाधि बसेको घाटे राक्षसले खाए होलान । मैसँग विवाह हुन्छ मनमनै गम्यो । एक पटक मात्र काम दिने गरी मरेको व्यक्ति जीवित गराउन मिल्ने जल मन्त्रेर दिन्छु । लगेर सुनैना जलेको चिताको खरानीमा छर्क भनेर भगवानले जल दिनु भयो । घाटमा पुगेर जल छर्कियो । सुनैना र चितामा सति गएको केटा झन् राम्रा भएर निस्के । अब त्यहाँ तिनवटा बेहुला सुनैनासँग विहे गर्न हानथाप गर्न थाले । विवाद बढ्दै गयो । टसकोमस कोहि भएनन् । म त सुनैनाको लागि ज्यान दिएको सुनैना मेरी हुन् । मैले जोगी बनेर यीनलाई पुनजीवित बनाए सुनैना मेरी हुन् । म यतिका दिन घाटमा समाधि बसेर सुनैनालाई कुरेर बसे सुनैना मेरी हुन् । यत्तिकैमा मलामीको एउटा हुल लास बोकेर पुगे । के को विवाद हो भनेर सबै वृतान्त बुझे । सुनैना कस्को हुने भनेर निर्णय दिन मलामीले छलफल गरे । धेरै वेरपछि मलामी मध्येका एकजनाले निर्णय सुनाए । जो केटा चिताबाट सुनैनासँगै पुनजन्म्यौ तिमी त जुम्ल्याह भाइ बहिनी भयौ, विहे गर्न मिलेन । जसले मन्त्र जलले पुन जीवित गरायौ, तिमी जन्मदाता वाबु भयौं, छोरी भइन् सुनैना । जसले घाट कुरेर बसेऊ, सुनैनासँग तिमी बिहे गर । मलामीको तर्कमा चारैजना सहमत भए । चारैजना श्रीनिवासको घर गए । बावुआमा, दाईको शोक खुसीमा बदलियो । गाउँले पनि खुसी भए । धुमधामले बिह भयो । आजकल श्रीनिवास समन्वयको महत्वमा प्रवचन दिने विज्ञ कहलिएका छन् । यस कथाको सन्देश भोली भन्छु है भन्दै हजुरबाले कथा सक्नु भयो । गुडनाईट हजुरबा भन्दै नातीनातिनाहरु सुत्ने कोठातिर लागे ।

व्यक्तित्व — डा. रेणुका सोलु

## मैले चिनेको प्रा.डा. यज्ञप्रसाद अधिकारी

प्रा.डा.यज्ञ प्रसाद अधिकारी सरको नाम सुनेको धेरै अगाडिदेखि हो । जब म पद्मकन्या क्याम्पस बागबजारमा आइ.ए. पढ्थेँ । त्यो बेला ने.वी. संघको राजनीतिक गतिविधिमा संलग्न हुँदा र बहस विमर्श हुँदा सरको नाम पनि सुन्थेँ । जननेता बी.पी.का सच्चा अनुयायी, बनारस हिन्दू विश्वविद्यालयबाट नेपाली काँग्रेसको विदेश नीति सम्बन्धमा विद्यावारिधि गर्ने विद्वान व्यक्तित्व भनेर अग्रज गुरुहरूले उहाँको नाम लिएको पनि सुन्थेँ । जब म जागिरको सिलसिलामा त्रिभुवन विश्वविद्यालयमा प्रवेश भएँ तब पेशागत हक हितका लागि विभिन्न कार्यक्रममा सहभागी हुन थालेँ । विभिन्न प्रायोगिक बहस अनि छलफलहरूमा सहभागी हुने अवसर मिलिरह्यो । ती अवसरहरूमध्ये सबैभन्दा उत्कृष्ट अवसर भनेकै प्रा.डा. यज्ञ अधिकारीज्यूले नेतृत्व गर्नुभएको प्रजातान्त्रिक समाजवादका विषयमा हुने प्राज्ञिक बहस थियो ।

जननेता बिपीद्वारा प्रतिपादित प्रजातान्त्रिक समाजवादका व्याख्याता डा. अधिकारी कहिले आफैं प्रशिक्षक भएर त कहिले अरू प्रशिक्षकको मार्गनिर्देशक भएर आफ्नो भूमिका निर्वाह गरिरहनुहुन्थ्यो । हामी नजिकबाट सहभागीका आँखाले नियालिरह्यौं । विद्वानहरू भेला गर्ने, विभिन्न सेमिनार, गोष्ठी आयोजना गर्ने अनि कहिले प्रजातान्त्रिक समाजवादको विषयमा आफैंले कार्यपत्र प्रस्तुत गर्ने त कहिले अन्य विद्वानहरूले प्रस्तुत गरेका कार्यपत्रमाथि खरो समालोचना गर्ने साहस गर्नुहुन्थ्यो । काठमाडौं उपत्यकाभित्र मात्र सीमित नरहेर नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक अधिकारका लागि बौद्धिक विचार प्रवाह गर्ने अभियानका अभियन्ता भएर दौडिरहेको देख्थ्यौं हामी । बी.पी. लाई हामीले साहित्यकार र राजनीतिज्ञ भनेर चिन्यौं । उनले साहित्य र राजनीतिलाई आफ्नै मार्गमा हिँडाउन सफल जसरी भए त्यसैगरी डा. अधिकारी पनि प्रजातान्त्रिक समाजवादको प्राज्ञिक अभियान र उच्च शिक्षाको विकास, अध्ययन, अनुसन्धानलाई सँगै अगाडि बढाउन लागिरहनु भयो । विभिन्न सभा, सेमिनार, सम्मेलन, आमसभा जस्ता स्थानहरूमा सुनेका उहाँका विचार र विभिन्न पत्रपत्रिका, स्मारिका, ग्रन्थहरूमा पढेका उहाँका आलेखहरूबाट पनि उहाँ समाजवादी चिन्तनका बौद्धिक चिन्तक हुनुहुन्छ भन्ने अवगत भएको हो ।

नेपालको प्रजातान्त्रिक आन्दोलन, आन्दोलनमा क-कसको कति योगदान, त्यसको उपलब्धि, प्रजातान्त्रिक समाजवादको औचित्य, अवस्था, परराष्ट्र नीति जस्ता गहन विषयलाई मूलधारमा राखेर उहाँले लेख्नुभएका ग्रन्थहरू, कार्यपत्रहरू चिनेर पढ्नेका लागि कालजयी लाग्छन् । विदेश नीति विषयमा नै विद्यावारिधि गर्नुभएको हुनाले यो विषयका ज्ञाता नै हुनुहुन्छ भनेर सगौरव बोल्न सकिन्छ । डा. अधिकारीलाई नजिकबाट अर्थपूर्ण संगत गर्नेले उहाँको प्रजातान्त्रिक क्रान्तिकारी इतिहास, प्रजातान्त्रिक बौद्धिक योद्धा, आदर्शको विरासत पक्षलाई फदयदेखि नमन गर्नुपर्छ जस्तो लाग्दछ । प्रजातन्त्रकै लागि लडिरहँदा विभिन्न समयमा जेलनेल खेपेका, विभिन्न यातनाबाट पिल्सिएका उहाँ वास्तवमा नै लोकतन्त्रका हिमायती हुनुहुन्छ । विभिन्न विश्वविद्यालयका लागि मात्र नभएर यो राष्ट्रका लागि नै डा. अधिकारीले दिएका योगदान अतुलनीय छन् । यस्ता व्यक्तित्वसँगको सामिप्यतामा रहेर हिँड्दै गर्दा मेरो परिवारलाई पनि तिर्नै नसक्ने गुन लगाउनुभएको छ उहाँले । मैले डा. अधिकारीलाई सम्झँदै गर्दा सम्झिरहनुपर्ने क्षण अनगिन्ती छन् । ती मध्ये पनि एउटा प्रसङ्ग म कहिल्यै भुल्न सक्दिन जो यहाँ पनि उल्लेख गर्न मन लाग्यो !

कसैको कुभलो नचिताउने, सबैलाई समान दृष्टिले हेर्ने, सकारात्मक सोचका धनी डा. अधिकारीको नजरमा थापाजी र म प्रिय भाइ र बहिनी थियौं । दौडिएर कहिल्यै नथाक्ने यो नमुना जोडी भनेर सबै सामु हामी दम्पतीलाई चिनाउनुहुन्थ्यो उहाँले । “यु आर अ स्ट्रोङ लेडी, रियल्ली प्राउड अफ यू मेरो बहिनी” उहाँले बारम्बार मलाई सम्बोधन गर्ने भाषाशैली नै यस्तै हुन्थ्यो । उहाँको यो ऊर्जावान् सम्बोधनले अझै केही गर्नुपर्छ भन्ने मलाई नैतिक दबाब दिइरहे जस्तो लाग्थ्यो । थप ऊर्जावान् भएर उभिन्थ्यो समय । एक समयमा थापाजी त्रिवी केन्द्रीय बजेट शाखामा काम गर्दैगर्दा देशभरि रहेका त्रिवीका आङ्गिक क्याम्पसहरूको बजेट हेर्नुपथ्र्यो । उपत्यका बाहिरबाट आउनुभएको क्याम्पस प्रमुख र लेखा प्रमुखको भिड हुन्थ्यो सधैं । टाढा टाढादेखि आउनुभएको उहाँहरूलाई सकेसम्म चाँडो काम भ्याइदिऊँ भन्ने लागेर नै होला थापाजी जतिबेला पनि व्यस्त रहनुहुन्थ्यो । कार्यकक्ष अत्यन्तै चिसोका कारण र कामको चापले भोकको पनि वास्ता नगरेका कारण थापाजी धेरै पटक अस्पताल भर्ना गर्नुपर्ने गरी नै बिरामी पर्नुभयो । कम उमेरमा नै दमको सिम्टम देखियो । बाहिर अरूलाई नदेखाउने तर भित्रभित्रै धेरैवटा रोगले समातेर गाह्रो बनाइरहेको थियो । त्यही समयमा हजुरको नेतृत्वमा रहेको अफिसमा सरुवा ल्याइदिनु पर्यो ।

मलाई त यतिबेला मेरो पति र मेरा सन्तानका पिता चाहिएको छ अरू केही चाहिएन । समयले साथ दियो भने अरू त म आफैं पनि सामना गर्न सामर्थ्य राख्छु । यस्तै मेरा अनुरोधका शब्दहरू सुनिसकेपछि यज्ञ सरले प्रक्रिया पुर्याएर थापाजीलाई आफू डाइरेक्टर भएकै अफिस सिनास्टरमा सरुवा गराएर ल्याउनुभयो र घाम लाग्ने कोठामा आर्थिक प्रमुखको जिम्मेवारी दिएर राख्नुभयो । त्यसपछि यज्ञ सरसँगको सहयात्राले थापाजी पनि रिफ्रेश हुन थाल्नुभयो । जहाँ कामको ससम्मान मूल्याङ्कन हुन्छ त्यहाँ मान्छे आत्मसम्मान महसुस गर्छ र ऊर्जावान् भएर सेवामा समर्पित हुन्छ भन्ने चेतना भएकै कारण यज्ञ सरको व्यवहारले थापाजी रिफ्रेश हुनमा ठूलो मद्दत पुर्यायो । त्यो बेलादेखि अहिलेसम्म त्यस्तो बिरामी परिरहने हुँदैन थापाजीलाई । साँच्चै भन्दा रोग नै हरायो उहाँको । त्यो क्षण अहिले पनि म सम्झन्छु कि यज्ञ सरको मानव फदयका कारण मैले मेरो पति र मेरा सन्तानले पिता गुमाउनबाट जोगियौं । त्योभन्दा अहोभाग्य हाम्रो परिवारको लागि के नै हुन्छ र ? यस्तै गुन त डा. अधिकारीले हजारौंलाई लगाउनु भएको हुनसक्छ । मानवीय संवेदना भएका मानिसले संवेदनशील फदयको मर्मबोध गर्न सक्छन् भन्ने एउटा सगरमाथा जत्रै अग्लो अनि उस्तै निर्भीक प्रमाण उभिएको देखिरहन्छु म डा. अधिकारीको व्यक्तित्वमा । यसरी अरूको पीडालाई आफ्नै पीडा सम्झेर समाधानको दबाई पिलाउन तत्पर रहने स्वाभिमानी सहयोगी विद्वान व्यक्तित्व अहिले कहाँ हुनुहुन्छ त भनेर चासो राख्नेलाई मैले बताउनुपर्ने हुन्छ । वि.सं. २०७५ वैशाख २९ गते एक्कासी ब्रेन स्ट्रोक भएर अशक्त हुनुभएको र उपचार गर्दागर्दै नौ महिनापछि पुन: ब्रेन स्ट्रोक भएपछि डा. अधिकारीको चलायमान सक्रिय जीवन अस्पतालको बेडमा पुग्यो । अस्पतालका नर्स, स्टाफ, डाक्टरहरूको मेडिकल उपचार पद्धति र जीवनसाथी भुवन थपलीयको सहृदयी रेखदेखका कारण साथै डा.अधिकारीको दृढ आत्मशक्तिको कारण उहाँ होसमा फर्कन सफल हुनुभएको छ । भ्रष्टाचार नगर्ने, कुकर्म गरेर पैसा कमाउन नैतिकताले नमान्ने र आफ्नो प्राध्यापकको सुख्खा तलबले सभा, सम्मेलन, आन्दोलन, सहयोग, चन्दा सबैतिर खर्च पुर्याउँदै बचेको पैसाले काठमाडौंमा जग्गा किन्ने, घर बनाउने भन्ने सोच्न समयले साथ दिएन सायद । यसरी लामो समय डेराकै बास बस्नुभयो । अब आफू पनि थलामै र जीवनसाथी पनि आफ्नै सेवामा समर्पित हुनुपरेपछि आयआर्जनको बाटो बन्द हुँदै जाँदा काठमाडौं डेराको बसाई पनि कठिन हुन थाल्यो अनि चितवनमा नै बसोबास गर्न थालेका छौं भन्नुहुन्छ । उहाँ बेलाबेला फोन वार्ता हुँदा “अलिअलि उठेर हिँड्न थालेको छु कोठाभित्र अनि बरण्डासम्म बिस्तारै” भन्नुहुन्छ । उहाँलाई सुन्दासुन्दै म स्तब्ध हुन्छु र सोंच्छु ! एकजना राजनीतिक योद्धा, प्रजातान्त्रिक समाजवादका विज्ञ, विदेश नीतिका ज्ञाता, राजनीतिक विश्लेषक, प्रजातन्त्रका लागि क्रान्ति गर्ने एउटा सिङ्गो क्रान्तिकारी इतिहास, स्वाभिमानी, विद्वान, प्राध्यापक, रिसर्चर, निर्भीक नेतृत्व क्षमता भएका नेताको अवस्था यस्तो छ भने यो देशमा कसको हुन्छ ससम्मान सम्बोधन ? म पदमा हुँदा सबै मेरा आफन्तजन मित्रजन लाग्थे तर आज कोही पनि फर्केर आउँदैन भनेर किन आँखा भिजाउनुहुन्छ उहाँ र भक्कानिनुहुन्छ पटकपटक । उहाँसँगै जेलनेल परेका मन्त्री भए, राजदूत बने तर कसरी बिर्सन सके सहयात्रीलाई ?

नेपाली कांग्रेसको पहिलो जननिर्वाचित सरकारको विदेश नीतिमाथि शोध अनुसन्धान गरेर विद्यावारिधि उपाधि प्राप्त गर्नुभएका विदेश नीतिका ज्ञाता समाजवादलाई गहिरोसँग छामेर व्याख्या विश्लेषण गर्न सक्ने प्रख्यात विश्लेषक, नेपाली काँग्रेस पाटीलाई आफ्नो बासस्थान सम्झेर नेपाली काँग्रेसको थिङ्ग ट्याङ्ग प्रजातन्त्र संवर्द्धन केन्द्रको उपाध्यक्ष भएर देशभरि प्रजातन्त्रको बारेमा विचार प्रवाह गर्ने अभियन्ता यो अवस्थामा रहँदा किन बेखबर छ सानेपाको मूलघर ? हामी छौं भनेर किन सान्त्वना दिँदैन कसैले ? नेपाली काँग्रेसले अवलम्बन गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादको सिद्धान्तलाई आत्मसाथ गरेर देशमा रूपान्तरण र समृद्धिको सपना साकार बनाउने उद्देश्य बोकेर भोक प्यास नभनी दु:ख, कष्ट र यातना भोग्दै पदको लालचमा नलागी लोकतन्त्रको पक्षमा सगरमाथा जस्तै अडिग उभिने डा. अधिकारी जस्तै त्यागी समर्पित योद्धाहरूको अतुलनीय, अजोखनीय योगदानका कारण नेपाली काँग्रेस पटक पटक सत्तामा पुग्यो, तर ती काँग्रेसलाई सत्तामा पुर्याउने योद्धा किन गुमनाम हुन पुगे ? नेपाली काँग्रेसको आफ्नो ऐतिहासिक दस्ताबेजमा यस्ता व्यक्तिहरूमा अरूको योगदानको उच्च मूल्याङ्कन तथा कदर गरेको उल्लेख गर्नु पर्दैन ? यी ऐतिहासिक नाम गुमनाम नहोस् भनेर म जतिको सचेत नागरिकले खबरदार गरिरहनु पर्दछ भन्ने लागेर सोही प्रयोजनका लागि कोरिएको हो यो खबरदारी पत्र । ऐतिहासिक नामहरू गुमनाम नहुन् खबरदार !

*-साहित्यपोष्ट डटकम*

